



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ६० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०६ फागुन २०८१ Year 32 Vol 06 Feb. / March 2025


# राष्ट्रिय वाणिज्य बैंकको ६०औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न




**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६० औं वार्षिकोत्सव समारोह माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा माघ १० गते एक समारोहकाबीच सम्पन्न भएको छ। कार्यक्रममा माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले मुलुकको अर्थतन्त्र केही समयदेखि दबाबमा रहेको तर अहिले सुधार हुँदै गएको बताउनुभयो । अहिलेको बढ्दो तरलतालाई बैंकले उत्पादन र रोजगारी सृजनामा लगाउन आग्रह गर्दै औसत कार्य भन्दा असाधारण कार्य गर्नको लागि अनुरोध गर्नुभयो । उहाँले राष्ट्रिय वाणिज्य बैंक परिवारलाई अरु बैंकलाई उछिन्ने गरी कार्य गर्नका लागि शुभकामना दिनुभयो ।

## राष्ट्रिय वाणिज्य बैंकले अरु बैंकलाई उछिन्ने गरी कार्य गर्नुपर्नेः उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल

प्रमुख अतिथि एवं माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकको ६० औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क स्मारिका उपहार २०८१ विमोचन गर्नुभएको थियो । बैंकको ६० औं वार्षिककोसवको अवसरमा राष्ट्रिय वाणिज्य बैंकका हालै सञ्चालनमा आएका २७ वटा शाखा कार्यालयहरुको बटम थिचेर डिजिटल माध्यमबाट औपचारिक रुपमा उद्घाटन गर्नुभयो । प्रमुख अतिथि एवं माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कार्यक्रममा कोहलपुर र महेन्द्रनगरमा नवनिर्मित भवनहरुको स्वीच थिचेर डिजिलट माध्यमबाट उद्घाटन गर्नुभयो कार्यक्रममा पूर्वकर्मचारी सम्मान कार्यक्रमका साथै उत्कृष्ट शाखा कार्यालय, सर्वोत्कृष्ट/उत्कृष्ट बैंक सेवा पुरस्कार घोषणा गरिएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले विभिन्न आरोह आवरोह पार गर्दै आएको यो बैंकको अहिलेको अवस्था गर्व गर्न लायक भएको बताउनुभयो । यो बैंकको पुँजीको

थप समाचार पृष्ट २ ▸▸

# राष्ट्रिय वाणिज्य बैंकको ६०औं...

विकासको लागि आउने प्रस्ताव प्रति राष्ट्र बैंक उदार रहेको बताउनुभयो ।

बैंक सञ्चालक समितिका अध्यक्ष दिलीपकुमार ढुङ्गानाले नेपाल सरकारले प्राथमिकताप्राप्त क्षेत्र भनी घोषणा गरेका क्षेत्रहरु जस्तै कृषि, उर्जा, पर्यटन तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न बैंक निरन्तर लागि परेको बताउनु भयो। उहाँले यस बैंकले सुन खरीद बिक्री गर्ने कार्य समेत शुरु गरेको बताउँदै बैंकिङ्ग सेवा सुविधाहरूमा गुणस्तरीयता अभिवृद्धि गर्दै अझ बढी विश्वसनीय, सुरक्षित, प्रविधियुक्त तथा ग्राहकमैत्री बनाउन प्राथमिकताका साथ कार्य गरिरहेको बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु हुँदै हामिले भर्खरै आर्थिक वर्ष २०८०/०८१ को वार्षिक लेखापरीक्षण सम्पन्न गरी २०८१ पौष २९ गते १९ औं वार्षिक साधारण सभा सम्पन्न गरिसकेको जानकारी गराउनुभयो । २०८१ पौष मसान्तमा बैंकको कुल निक्षेप रु. ४ खर्ब ५० अर्ब, कुल कर्जा सापट रु.२ खर्ब ८४ अर्ब, चुक्तापुँजी १५ अर्ब ६३ करोड, कुल सम्पत्ती ५ खर्ब २६ अर्ब तथा नेटवर्थ ५२ अर्ब पुगेको छ । उहाँले २०८१ पौष मसान्तमा बैंकको कोषको लागत ३।८१ प्रतिशत तथा आधारदर ५।४४ प्रतिशत रहेको बताउनुभयो । उहाँले यसै आर्थिक वर्षबाट हामीले साना किसान कर्जा, वैदेशिक रोजगारी कर्जा जस्ता नयाँ कर्जाहरु मार्फत समस्त देसबासीमा आफ्नो सेवा विस्तार गर्ने र उत्पादन एवं स्वरोजगारलाई जोड दिई आय आर्जन वृद्धि गर्ने कार्यक्रमहरु ल्याएका छौं भन्नुभयो । उहाँले बैंकले प्रविधिमा आधारित बैंकिङ्ग सेवालाई आत्मसाथ गर्दै Digital Banking Service लाई प्राथमिकताका साथ अगाडि बढाईरहेको छ बताउनुभयो । नेपाल Clearing House Limtied (NCHL) द्वारा २०७९/०८० मा सबैभन्दा बढी डिजिटल कारोवार गर्ने बैंकका रुपमा यस बैंकलाई सम्मान गरिएको थियो भने सोही संस्थाबाट २०८०/०८१ मा Special Recognition for Digitizing Government Transaction-2080/81 बाट सम्मान गरिएको बताउनुभयो । कार्यक्रममा पूर्व अध्यक्ष डा. रेवतबहादुर कार्की, बैंकमा क्रियाशिल तीन वटै ट्रेड युनियनका अध्यक्षहरु क्रमशः रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकका अध्यक्ष दिपेन्द्र कार्की, रा.वा.बैंक पूर्व कर्मचारी संघका अध्यक्ष दिनेशविक्रम थापाले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।






यसैबीच बैंकको ६०औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा बैंकको केन्द्रीय कार्यालय परिसरबाट "वित्तीय साक्षरताका लागि प्रभातफेरी" कार्यक्रमको आजै बिहान आयोजना गरिएको छ । बैंक सञ्चलक समितिका अध्यक्ष दिलीपकुमार ढुङ्गाना तथा प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकको ६० औं वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै सर्वसाधारण प्रति बैंकिङ्ग संचेतना गर्ने उद्धेश्यले समाज प्रतिको उत्तरदायीत्व बहन गर्दै बैंकले वित्तीय साक्षरताका लागि प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । बैंकको केन्द्रीय कार्यालयबाट शुरु भएको उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्बन्धी बैंकको लोगो अंकित विभिन्न प्लेकार्ड बोकेर बाजागाजा ब्यानर सहित भद्रकाली, शहिदगेट, न्युरोडगेट, रत्नपार्क, राष्ट्रिय सभागृह मोड र पुनः भद्रकाली हुदैं केन्द्रीय कार्यालयमा पुगेर समापन भएको थियो ।

आज भन्दा ६० वर्ष अघि २०२२ साल माघ १० गते मुलुकको आर्थिक क्षेत्रको विकासमा टेवा पुर्‍याउने उद्धेश्यका साथ स्थापना भएको यो बैंकसँग कारोवार गर्ने कुल ग्राहकको संख्या करिब ४६ लाख भन्दा बढी पुगेको छ भने भौगोलिक उपस्थितिको हिसाबले ७ वटै प्रदेशका ७७ वटै जिल्ला र सबै जिल्ला सदरमूकाममा समेत गरी जम्मा २९४ शाखा कार्यालयहरु सञ्चालनमा रहेका छन् । डिजिटल बैंकिङ्ग क्षेत्रमा समेत बैंकले उल्लेखनीय फड्को मारेको छ ।

कार्यक्रममा बैंकका शेयरधनीहरु, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु, बैंक सञ्चालक समितिका सदस्यहरु, पूर्व अध्यक्षहरु, पूर्व प्रमुख कार्यकारी अधिकृतहरु, विभिन्न संस्थानहरुका प्रमुखहरु, बैंकका नायव प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु, उपप्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको



# राष्ट्रिय वाणिज्य बैंक र सिंजा गाउँपालिका बीच "किसान सरल कर्जा" कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी सम्झौता



**काठमाडौं, १९ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र सिंजा गाउँपालिका, जुम्ला, कर्णाली बीच किसान सरल कर्जा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रारम्भिक सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र सिंजा गाउँपालिकाका अध्यक्ष पूर्णबहादुर धितालले एक कार्यक्रमका बीच हस्ताक्षर गर्नुभएको छ।

सम्झौता पश्चात कुनै कृषि व्यवसायमा आबद्ध १८ वर्षदेखि ६५ वर्ष उमेर सम्मका नेपाली नागरिक वा कानूनी रुपमा दर्ता भएका कृषि व्यवसायमा संलग्न फर्म वा कम्पनीले गाउँपालिकाको सिफारिस सहित कर्जाको लागि आवेदन दिन सक्नेछन् । बैंकले कृषि कर्जा निर्देशिका, २०६९(संशोधन सहित) अनुसार लगानी गरिने यो कर्जा आवधिक र चालुपुँजी दुबै प्रकृतिको हुनेछ। यो कर्जा ग्रेस अवधि सहित अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने छ। बढिमा १० लाख रुपैंयासम्म प्रदान गरिने किसान सरल कर्जामा आधार दरमा ०।५० प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिने छ र गाउँपालिकाले आफ्नो कोषबाट ऋणिलाई एक प्रतिशत ब्याज अनुदान दिने छ। हाल बैंकको आधार दर ५।४४ प्रतिशत रहेको छ। यो कर्जा लगानी पश्चात कृषि उपजको व्यवसायिक उत्पादन भई स्वरोगारमा बृद्धि हुने, आयआर्जन बढ्ने, आयात प्रतिस्थापन हुने तथा गाउँपालिकाको नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरिएको छ। उक्त कार्यक्रममा सिंजा गाउँपालिकाका २ न.वडाका वडा अध्यक्ष तिर्थ वड, बैंकका कृषि तथा सामाजिक बैंकिङ्ग विभागका विभागीय प्रमुख अच्युत गौतम लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो।■

## अन्तरवार्ता

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६० औं वार्षिकोत्सबको अवसरमा आ.व.२०८०/०८१ मा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ठ बैंक पुरस्कार पूर्वाधार बैंकिङ्ग विभागका विभागीय प्रमुख दामोदर ज्ञवालीलाई प्रदान गरिएको छ। यसै सन्दर्भमा उहाँसँग रा.वा.बैंक समाचारका लागि सम्पादक ईश्वर उप्रेतीले लिनु भएको संक्षिप्त अन्तरवार्ता।**



**दामोदर ज्ञवाली**
विभागीय प्रमुख
सर्वोत्कृष्ट बैंक पुरस्कार प्राप्त कर्मचारी

☞ सर्वप्रथम तपाईलाई राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ६० औं वार्षिकोत्सबको अवसरमा सर्वोत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा सर्वोत्कृष्ट बैंक पुरस्कार पाउनु भएकोमा बधाई छ । सर्वोत्कृष्ट बैंक पुरस्कार पाउँदा कस्तो महसुस भईरहेको छ ?

➢ यहालाई धेरै धन्यबाद, बैंकबाट सर्वोत्कृष्ट कर्मचारीको रुपमा छनौट भएकोमा अत्यन्तै खुसी, अनि गौरवान्वित भएको छु। यसले अझ बढी उत्प्रेरित भएर काम गर्न हौसला प्रदान गरेको छ।

☞ यहाँले राष्ट्रिय वाणिज्य बैंकको सेवामा प्रवेश गरेपछि कुन-कुन कार्यालयमा रहेर कुन- कुन जिम्मेवारी बहन गर्नुभयो र कस्तो प्रकारको सम्पादनले सर्वोत्कृष्ट बैंक पुरस्कार पाउन सहयोग पुग्यो जस्तो लाग्दछ ?

➢ मैले अधिकृत स्तर तह ६ बाट बैंक सेवा प्रवेश गरी हाल पूर्वाधार बैंकिङ्ग विभागको विभागीय प्रमुखको रुपमा काम गरिरहेको छु। यस क्रममा शाखा कार्यालयहरु टेकु, पुल्चोक, प्रादेशिक कार्यालय (साविकमा क्षेत्रीय कार्यालय नेपालगञ्ज), केन्द्रीय कार्यालय अन्तर्गत ट्रेजरी विभाग र कर्जा विभागहरु (संस्थागत तथा साना मझौला कर्जा विभाग र हाल पुर्वाधार बैंकिंङ्ग विभाग) मा कार्य गरेको छु। वास्तवमा कार्य सम्पादन गर्दा सामुहिक क्षमता विकासलाई प्राथमिकता दिने, क्षमताको भरपूर उपयोग गर्ने, निरन्तर सिकाईको अवधारणालाई कार्यान्यवन गर्ने, बैंकको कार्ययोजनालाई ध्यानमा राखेर इमान्दार, लगनशील एवं समय अनुशासनमा रहेर काम गर्ने गराउने स्वभावले गर्दा सर्वोत्कृष्ट बैंक पुरस्कार पाउन सहयोग पुगेजस्तो लाग्दछ। यसका लागि म बैंक सञ्चालक समिति, बैंक व्यवस्थापन तथा बैंकका सम्पूर्ण कर्मचारीहरु प्रति आभार व्यक्त गर्दछु।

☞ अहिले बैंकिङ्ग क्षेत्रमा लगानीयोग्य रकम पर्याप्त छ , ब्याजदर पनि एकल अंकमा आइसकेको छ तर पनि व्यवसायीहरुबाट कर्जाको माग हुन नसकी अर्थतन्त्र चलायमान हुन सकेको छैन नि। यसको कारण र समाधानको बाटो के हुन सक्छ ?

➢ अर्थतन्त्रका परिसूचकहरुले अर्थतन्त्र केही हदसम्म शिथिल देखिएको तथ्यहरु उजागर गरेका छन् र अर्थतन्त्रमा लगानी माग गर्ने कारकहरुमा ब्याजदर महत्वपूर्ण हो तर निर्णायक होईन । तसर्थ अर्थतन्त्रका सबै पक्षहरु जस्तै वास्तविक क्षेत्र, मौद्रिक क्षेत्र, सरकारी वित्त क्षेत्र र बाह्य क्षेत्रबाट लगानी उत्प्रेरणा हुने कार्ययोजना आवश्यक ठान्दछु । व्यवसायीहरुको कन्फिडेन्स बढाउने तथा सहकारी क्षेत्रलाई नियमन गरेर आर्थिक कारोबार गर्न दिने हो भने ठूलो अनौपचारिक आर्थिक कारोबार औपचारिक क्षेत्रमा आउने देख्छु जसबाट अर्थतन्त्र थप चलायमान गराउन सहयोग पुग्ने देखन्छ।

☞ बैंकिङ्ग क्षेत्र चुनौतिपूर्ण हुँदै गईरहेको छ। नयाँ नयाँ प्रवृत्तिका जोखिमहरु देखिन थालेका छन् । यस्तो अवस्थामा बैंक कर्मचारीहरुलाई उत्कृष्ट कार्यसम्पादन गर्नकालागि कसरी कार्य गर्ने सुझाब दिन चाहानुहुन्छ ?

➢ बैंकिंङ्ग क्षेत्र चुनौतीपूर्ण हुनुका साथै यो अत्यन्त गतिशील एवं प्रविधिको दृष्टिकोणले अत्यन्तै प्रगतिशील देखिएको छ। सम्भवतः एआईले बैंकिङ्ग क्षेत्रको अपरेशनल कामलाई विस्थावित गर्ने सम्भावना देखिएको छ। यस परिवेशमा बैंकिङ्ग क्षेत्रमा काम गर्ने कर्मचारीले निरन्तर सिकाईको माध्यमबाट क्षमता विकास गर्दै आफुलाई अब्बल सावित गुर्नुको विकल्प छैन। आफ्नो क्षमतालाई इमान्दारीपूर्वक बैंकको कार्यसम्पादनमा जोड्न सक्ने कर्मचारीले उत्कृष्ट कार्यसम्पादन गर्न सक्दछ भन्ने मेरो विचार रहेको छ। ■

# राष्ट्रिय वाणिज्य बैंकद्वारा नवनियुक्त कर्मचारीहरुलाई पूर्व सेवाकालिन तालिम प्रदान






कोशी प्रदेश



मधेश प्रदेश



बागमती प्रदेश

**काठमाडौं, ८ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट कोशी, मधेश र बागमती प्रदेशका लागि प्रदेशगत रुपमा छनौट भएका नवनियुक्त सहायक (प्रशासन सेवाका) ९५ जना र बरिष्ठ सहायक स्तरका २ जना गरी जम्मा ९७ जना कर्मचारीहरुलाई चौध दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ।

तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले यस बैंक प्रति जनताको अत्यन्तै विश्वास रहेको र त्यस विश्वासलाई जोगाईराख्न फ्रन्टलाइनमा बस्ने कर्मचारीहरुले सदैव जिम्मेवार भएर सेवा दिनुपर्ने बताउनुभयो। उहाँले विभिन्न प्रक्रिया पश्चात बैंकले युवा कर्मचारीहरुलाई नियुक्ति दिएको बताउँदै बैंकिङ्ग क्षेत्रमा भएको बढ्दो जोखिमलाई न्यूनिकरण गरी कार्य गर्नुपर्ने बताउनुभयो। कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी र देवेशप्रसाद लोहनीले नवनियुक्त कर्मचारीहरुलाई कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराउनु भएको थियो। कार्यक्रममा मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त सहायक तथा बरिष्ठ सहायह ९७ जना कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो। कार्यक्रम माानव संशाधन विभागका विभागीय उपप्रमुख हरिबाबु आचार्यले सञ्चालन गर्नुभएको थियो।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, विभागीय प्रमुख पद्यमा लक्ष्मी जि.सी.लगायत कर्मचारीहरुके उपस्थिति रहेको थियो।■

**काठमाडौं, १३ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट प्रदेशगत रुपमा छनौट भएका नवनियुक्त बरिष्ठ सहायक (प्रशासन, नगद र सूचना प्रविधि सेवाका) ८३ जना र अधिकृत स्तरका ६ जना गरी जम्मा ८९ जना कर्मचारीहरुलाई चौध दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरिरहेको छ।



तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले आफुले सैद्धान्तिक रुपमा सिकेका ज्ञानलाई अब व्यवहारमा उतारी ग्राहकहरुलाई चुस्त गुणस्तरीय सेवा दिई संस्थाको उत्पादकत्व बृद्धि गर्न यो युवा जनशक्ति दत्तचित्त भएर लाग्नुपर्ने बताउनुभयो। उहाँले विभिन्न प्रक्रिया पश्चात बैंकले युवा कर्मचारीहरुलाई नियुक्ति दिएको बताउँदै अनुशासित र लगनशील भई कार्य गर्ने कर्मचारी नै आफ्नो करिअरमा उत्कृट हुने बताउनुभयो। कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु सरस्वती अधिकारी र देवेशप्रसाद लोहनीले नवनियुक्त कर्मचारीहरुलाई कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराउनु भएको थियो। कार्यक्रममा मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त बरिष्ठ सहायक ८३ जना कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो। कार्यक्रम माानव संशाधन विभागका विभागीय उपप्रमुख हरिबाबु आचार्यले सञ्चालन गर्नुभएको थियो।■

# रा.वा. बैंकको गण्डकी प्रादेशीक कार्यालय र शाखा कार्यालयको नवनिर्मित भवन उद्घाटन



**पोखरा ३ फागुन**

माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निराशाबाट मुलुकलाई बाहिर निकाल्न सरकारले सार्थक पहल गरिरहेको बताउनुभएको छ । राष्ट्रिय वाणिज्य बैंकको गण्डकी प्रादेशीक कार्यालय पोखरा र शाखा कार्यालय पृथ्वीचोकको नवनिर्मित भवन गत फागुन ३ गते उद्घाटन गर्नुहुँदै अर्थमन्त्री पौडेलले यस बैंकबाट सबै सेवाग्राहीहरुलाई विश्वासनीय र सहज ढङ्गले सेवा प्राप्त हुन सकोस् भनी शुभकामना व्यक्त गर्नुभएको छ। उहाँले सरकारको स्वामित्वमा रहेको वाणिज्य बैंकले प्रवाह गर्ने सेवा र दिने सुविधाहरुलाई समय सापेक्ष बनाउँदै प्रत्येक सेवाग्राहीले आफ्नोपनको महसुश गर्नेगरी कार्य गर्न बैंक व्यवस्थापनलाई निर्देशन गर्नुभयो ।

राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिका सदस्य लक्ष्मण घिमिरेको सभापतित्वमा भएको कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन बैंकले आधार दरमा थोरै मात्र प्रिमियम जोडेर एकल अंकमा ब्याजदर कायम गरेको बताउनुभयो । उहाँले सस्तो ब्याजदरको फाइदा उठाउँदै व्यवसायीहरुलाई कर्जा लिएर देशको आर्थिक विकासमा योगदान गर्न आव्हान गर्न गर्नुभयो। प्रतिस्प्रर्धी बजारको माग अनुसार बैंकले सेवा र सुविधाहरुलाई समय सापेक्ष बनाउनुपर्ने आवश्यकतालाई महसुश गरी बैंकले आफ्नो कार्यलाई परिमार्जित रुपमा अगाडि बढाएको बताउनुभयो । साझा प्रतिवद्धताले मात्र समृद्धि सम्भव रहेको स्मरण गराउँदै प्रमुख कार्यकारी अधिकृत खनालले बैंकलाई आजको अवस्थासम्म ल्याउन सहयोग गर्ने सम्पूर्णलाई धन्यावाद ज्ञापन गर्दै आगामी दिनमा पनि यस्तै साथ सहयोग भए बैंक उत्कृष्ट बन्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटन मन्त्री माननीय मित्रलाल बस्याल, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, नेपाल राष्ट्र बैंक पोखराका प्रमुख दिपकराज लामिछाने, बैंक सञ्चालक समिति सदस्य प्रा.डा. रामप्रसाद ज्ञवाली, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु पवन रेग्मी, रामकुमार थापा, विभागीय प्रमुख आनन्द सुवेदी, प्रादेशिक प्रबन्धक पुष्पचन्द्र थापा, कम्पनी सचिव प्रमोद अधिकारी, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । कार्यक्रममको पूर्व संध्यामा वित्तीय साक्षरताको लागि प्रभातफेरी कार्यक्रम समेत सञ्चालन गरिएको थियो। ■

# शाखा सहायक प्रबन्धकहरूलाई Comprehensive तालिम प्रदान




**काठमाडौं, १ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकको बागमती प्रादेशिक कार्यालय अन्तर्गत कार्यरत ३० जना शाखा सहायक प्रबन्धकहरुलाई दरबारमार्गमा Comprehensive तालिम आयोजना गरिएको छ। भुक्तानी फर्छौट, डिजिटल बैंकिङ्ग कारोबाार गर्दा आउने समस्याहरुको समाधान, सञ्चालन जोखिम व्यवस्थापन, कर्जा व्यवस्थापन, कर्जा असुली तथा व्यवस्थापन, गैरकोषमा आधारित व्यवसाय, डिजिटल बजारीकरण, ग्राहक सम्बन्ध व्यवस्थापन, कानून, सिसिएमएस तथा कम्प्लायन्सका विषयमा बैंकका कर्मचारीहरुबाट विषयगत तालिम प्रदान गरिएको छ। तालिम कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत, नाउब प्रमुख कार्यकारी अधिकृत, उपकार्यकारी अधिकृतहरु, विभागीय प्रमुखहरु र बाहृय प्रशिक्षकहरु कृष्णप्रसाद दुलाल, महेन्द्रप्रसाद भट्टराईको उपस्थिति रहेको थियो। ■

## हार्दिक श्रद्धान्जली



जन्मः वि.स.२०४८।१०।०१

स्वर्गारोहणः वि.स. २०८१।०९।१५

### स्व. गणेश सिंह

**राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ठाडामा कार्यरत बरिष्ठ सहायक गणेश सिंह (१३२०४) को मिति २०८१ पुस १५ गते असमायीक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित परिवारजन प्रति समवेदना प्रकट गर्दछौं ।**

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

**प्रकाशक**
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-५७२१२२०, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
देवेन्द्ररमण खनाल
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
पवन रेग्मी
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
ईश्वर उप्रेती

**डिजाइन**
राजु तामाङ